IB DIPLOMA PROGRAMME
PROGRAMME DU DIPLÔME DU BI
PROGRAMA DEL DIPLOMA DEL BI

22070207

**NEPALI A1 – STANDARD LEVEL – PAPER 1**
**NÉPALAIS A1 – NIVEAU MOYEN – ÉPREUVE 1**
**NEPALÉS A1 – NIVEL MEDIO – PRUEBA 1**

Monday 14 May 2007 (morning)
Lundi 14 mai 2007 (matin)
Lunes 14 de mayo de 2007 (mañana)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a commentary on one passage only. It is not compulsory for you to respond directly to the guiding questions provided. However, you may use them if you wish.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Rédigez un commentaire sur un seul des passages. Le commentaire ne doit pas nécessairement répondre aux questions d'orientation fournies. Vous pouvez toutefois les utiliser si vous le désirez.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario sobre un solo fragmento. No es obligatorio responder directamente a las preguntas que se ofrecen a modo de guía. Sin embargo, puede usarlas si lo desea.

*तल दिइएका कविता अथवा निबन्धको टिप्पणी लेख्नुहोस् :*

१.(क)

अनन्त मनका कोमलतम पुष्पहरू सँगालेर
युगयुगका सपनाहरू सिरानी हालेर
म तिम्रो न्यानो प्रतीक्षामा छु
आऊ, तिमी मेरो सपनामा रहरलाग्दो ढुङ्गा खसाल्न आऊ
म तलाऊ
खुशीका रहरहरू छाल भएर किनारामा लागिदिन्छु
तिमी मेरो कल्पनामा मसिना मसिना पखेटा चाल्दै आऊ
तिमी देवदूत आकाशबाट सिंढीहरू ओर्लँदै आऊ
हेर, यो सिङ्गो विपना अन्धकारमय
तिमी स्वर्णिम पानसमा न्यानो न्यानो दियो बाल्दै आऊ
ए नव आगन्तुक, विश्वको नयाँ ध्वनि !
तिमी हाँस्ता हाँस्तै रोएर आऊ
तिमी रुँदा रुँदै हाँसेर आऊ
यो अन्धकार कालरात्रिमा
तिमी प्रमिथसका कोमलतम स्पर्शहरू बोकेर आऊ,
म तिम्रो नाममा पवित्र मन्दिरको घन्टा घन्किदिन्छु
ए मेरो विश्वको पवित्र आगन्तुक
म तिम्रो स्वागतमा एउटा मीठो गीत गाइदिन्छु

सरुभक्त, "म तिम्रो नाममा गीत गाउँछु" **समसामयिक साझा कविता**, (काठमाडौं : साझा प्रकाशन २०४०) पृ.३१०

— यस कविताका माध्यमबाट कविले के सन्देश दिएका छन् ?

— यस कवितामा प्रयोग भएको शैलीलाई के-कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

— यो कविता पढेपछि तपाईंका मनमा जन्मिएका व्यक्तिगत प्रतिकियाहरू के-के हुन् ?

१.(ख)

जीवनमा एकपल्ट पनि रुने मौका पाउनेलाई के थाहा छ भने रुवाइपछि मन त्यती गरुङ्गो हुँदैन जति रुनुभन्दा पहिले । म केटाकेटी छँदा जबसम्म रुवाइ पुग्दैनथ्यो दुक्ख दिनेलाई दागा धर्न मन लाग्थ्यो । रुँदै त्यसको विरोधमा जीवनभरि षडयन्त्र रचिरहने अठोट गर्थे तर भक्कानो जातिजति मसिनिँदै जान्थ्यो उतिउति दागा धर्ने आँट हराउँदै जान्थ्यो । एकछिन पछि आफूले गरेका बिरामहरू पनि देखापर्न लाग्थे । आफ्नो बिराम पनि थाहा पाएपछि साथीको दुक्ख दियाइलाई बिर्सन्थेँ, सापोनापो बराबर हुन्थ्यो अनि फेरि दुई कलिला बिरुवाहरू एकछिन पहिलेको बाझोलाई बिर्सेर खेल्न थाल्थ्यौँ । पेटभरि रुवाइ हुँदा पनि नरुने बालकले आफ्नो आङको भैंसी पनि नदेखेको तर अर्काको आङको जम्रो पनि देखेको उदाहरण छ्यासछ्यास्ती पाइन्छन् ।

तर हामी हुर्केकाहरूमा क्वाँक्वाँ रुने थोरै हुन्छन् । हुन पनि कराएर रुँदैमा रोएको ठहरिन्न । साँचो रुवाइ त त्यो हो जसको आँखाभन्दा धेरै मन पग्लेको हुन्छ । अत्याचारी शासकहरूको शूलीदेखि पनि नडराउने नियाँको लागि ज्यान तर्पिने हाम्रा शहीदहरूको हाँसोले मुछिएको रुवाइमा जति गहक छ त्यती स्वार्थी रुवाइमा हुन्न । हुन पनि आँसु किन रुवाइ होइन भने त्यो हाँसोमा पनि आउन सक्छ, डाँको किन रुवाइ होइन भने त्यो रिसमा पनि आउन सक्छ । रुवाइ पँधेरोको पानी झैं हेलै ओसारिने कुरो अनि बेस्सेको प्रेम झैं सहजै किनिने कुरो पनि होइन । जसले यो चाल पाएका छन् तिनीहरू दुखाइका रनाहाले बैरागी होइन क्रान्तिकारी बन्दछन् ।

सुखमा आँसु झार्नका लागि दुखमा आँसु झार्न पनि सक्नुपर्छ, सुखमा फुरुङ्ग पर्नका लागि दुखमा अताल्लिन पनि सक्नुपर्छ । मुर्दा सुखमा फुरुङ्ग पनि पर्दैन दुखमा अतालिन्न पनि तर मुर्दा ज्युँदो मान्छेको कर्तव्य कहाँ हो र ? जो रुन सक्दैन त्यो हाँस्न पनि सक्दैन । पशु रुन सक्दैन यसैले पशु हाँस्न पनि सक्दैन । रुन र हाँस्न नसक्ने पशुजुनी कुन चाहिँ मान्छेले रोज्ला र ?

बालकृष्ण पोखरेल, “रुनेको केही बिराम छैन !” **तेस्रो एकमुखे रुद्राक्षको खोजी** (काठमाडौं : साझा प्रकाशन २०४०) पृ. १४२ ।

— निबन्धको उक्त उद्धरणको मुख्य सार के हो ?

— निबन्धको उक्त उद्धरणमा प्रयुक्त भाषाबारे तपाईंका टिप्पणी के-के हुन् ?

— निबन्धको उक्त उद्धरणमा व्यक्त भाव प्रति तपाईं सहमत हुनुहुन्छ ?